# जग्गा (नाप जाँच) ऐन, २०१९

*(मिति २०७५ साल मङ्सिर मसान्तसम्म भएका संशोधन समेत मिलाइएको )*

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**नेपाल सरकार**

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**सिंहदरबार**

# जग्गा (नाप जाँच) ऐन, २०१९

लालमोहर र प्रकाशन मिति
२०१९।१२।३०

संशोधन गर्ने ऐन

| | |
|---|---|
| १. जग्गा (नाप जाँच) (पहिलो संशोधन) ऐन, २०२४ | २०२४।७।६ |
| २. जग्गा (नाप जाँच) (दोस्रो संशोधन) ऐन, २०२९ | २०२९।६।५ |
| ३. जग्गा (नाप जाँच) (तेस्रो संशोधन) ऐन, २०३३ | २०३३।७।४ |
| ४. जग्गा (नाप जाँच) (चौथो संशोधन) ऐन, २०३५ | २०३५।५।२१ |
| ५. जग्गा (नाप जाँच) (पाँचौ संशोधन) ऐन, २०३६ | २०३६।८।५ |
| ६. जग्गा (नाप जाँच) (छैठौं संशोधन) ऐन, २०४६ | २०४६।७।११ |
| ७. न्याय प्रशासन ऐन, २०४८ | २०४८।२।१६ |
| ८. जग्गा (नाप जाँच) (सातौं संशोधन) ऐन, २०४९ | २०४९।६।२८ |
| ९. जग्गा (नाप जाँच) (आठौं संशोधन) ऐन, २०५६ | २०५७।३।७ |
| | प्रमाणीकरण र प्रकाशन मिति |
| १०. गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६◆ | २०६६।१०।७ |
| ११. केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ | २०७२।११।१३ |
| १२. केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ | २०७४।०६।३० |

२०१९ सालको ऐन नं. ५१

⏭..............

जग्गा नाँप जाँच गर्ने व्यवस्थाको निमित्त बनेको ऐन

प्रस्तावना : नेपाल ⏭.......... का विभिन्न वर्ग वा जाति वा क्षेत्रका जनताका बीचको सुसम्बन्ध र साधारणतया नेपाल ⏭......... का नागरिकहरुको सुविधा कायम राख्नको लागि जग्गा नाँप जाँच गर्ने र जग्गाको किसिम तोक्ने व्यवस्था गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ : (१) यस ऐनको नाम "जग्गा (नाप जाँच) ऐन, २०१९" रहेको छ ।

(२) यो ऐन नेपाल ⏭.......... भर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "जग्गा" भन्नाले घर, बाग, बगैंचा, रुख, कारखाना, ताल, पोखरी, इत्यादि भएको समेत सबै किसिमको जग्गा सम्झनु पर्छ ।

⌧(क१) "नाप जाँच" भन्नाले जग्गाको नाप जाँच वा पुन: नाप जाँच गरी जग्गावाला र मोहीसँग सम्बन्धित तथ्याङ्क संकलन गर्ने, जग्गाको नक्सा तयार गर्ने, क्षेत्रफल यकिन गर्ने, किसिम वर्गीकरण गर्ने वा

---

◆ यो ऐन संवत् २०६५ साल जेठ १५ गते देखि लागू भएको ।
⏭ गणतन्त्र सुदुढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नक्सा वा स्रेस्ताको आधारमा क्षेत्रीय किताबमा जग्गा दर्ता गर्ने काम सम्झनु पर्छ र सो शब्दले नापीको लागि हवाई सर्वेक्षण, नियन्त्रण बिन्दु स्थान खडा गर्ने तथा विभिन्न मानमा स्थलरुप नापी गरी नक्सा प्रकाशन गर्ने गराउने कार्यलाई समेत जनाउँछ ।

f(क२) "दर्ता स्रेस्ता" भन्नाले जग्गा नाप जाँच भई तयार भएको नक्सा र क्षेत्रीय किताबको आधारमा जग्गावाला, मोही, जग्गाको कित्ता, क्षेत्रफल र किसिम समेत स्पष्ट देखिने गरी तयार गरिएको जग्गाधनी दर्ता स्रेस्ता सम्झनु पर्छ ।

_(क३) "साँध" भन्नाले दुई भिन्न टुक्रा जग्गाको बीचको सिमाना निर्धारण गर्ने सीमा रेखा सम्झनु पर्छ ।

_(क४) "कित्ता" भन्नाले चारैतिर साँधले घेरिएको र प्रत्येक स्थानमा हक, भोग र किसिममा समानता भएको जमीनको टुक्रा सम्झनु पर्छ ।

📖(ख) "जग्गावाला" भन्नाले प्रचलित नेपाल कानून बमोजिम जग्गामा जग्गाधनी हक हुने व्यक्ति सम्झनु पर्छ ।

📖(ग) "मोही" भन्नाले अरु जग्गावालाको जग्गा कुनै शर्तमा कमाउन पाई सो जग्गामा आफ्नो वा आफ्नो परिवारको श्रमले खेती गर्ने व्यक्ति सम्झनु पर्छ ।

📖(घ) "पटवारी" भन्नाले जग्गा वा घर धुरीको स्रेस्ता राखी सो बमोजिम मालपोत वा अरु तिरो तहसिल गर्ने सबैलाई सम्झनु पर्छ ।

∞(ङ) "सरकारी जग्गा" भन्नाले नेपाल सरकारको हक, स्वामित्व, नियन्त्रण वा अधीनमा रहेका देहायको जग्गा सम्झनु पर्छ :-

(१) सरकारी घर, भवन वा जग्गा,

(२) सडक, बाटो वा रेल्वे,

(३) वन, जङ्गल वा वन जङ्गलमा रहेका रुख, बुट्यान,

(४) नदी, खोलानाला, ताल, पोखरी तथा सोको डिल,

(५) नहर, कुलो वा ऐलानी, पर्ती जग्गा,

(६) खनिज वा खनिज पदार्थ,

(७) हिमाल, भिर, पहरा, डगर, बगर, सार्वजनिक बगैचा, वा

(८) सार्वजनिक, सामुदायिक, गुठी वा कुनै व्यक्तिको नाममा रहेको निजी जग्गा बाहेकको अन्य जग्गा ।

∞(च) "सार्वजनिक जग्गा" भन्नाले सार्वजनिक प्रयोजनको लागि रहेका देहायको जग्गा सम्झनु पर्छ :-

(१) परापूर्वकालदेखि रहेको घर, जग्गा, ढल वा बाटो,

(२) कुवा, पाधेरो, पानीघाट, इनार, पोखरी तथा सोको डिल,

(३) गाईवस्तु निकाल्ने निकास, गौचर, खर्क, अन्त्यष्टीस्थल, चिहान, मसानघाट, समाधिस्थल कब्रिस्थान रहेको जग्गा,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

✖ छैठौं संशोधनद्वारा थप भै आठौं संशोधनद्वारा संशोधित ।

f छैठौं संशोधनद्वारा थप ।

_ सातौं संशोधनद्वारा थप ।

📖 दोस्रो संशोधनद्वारा संशोधित ।

∞ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित

∞ केही नेपाल कानूनलाई संशोधन, एकीकरण,समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित

(४) पाटी, पौवा, देवल, धार्मिक उपासना स्थल, स्मारक, मठ, मन्दिर, चैत्य, गुम्बा, स्तूप, मस्जिद, इदगाह, कब्रगाह, गिर्जाघर, चोक, डबली, चौतारी वा सो रहेको जग्गा,

(५) हाट, मेला, सार्वजनिक रूपमा मनोरञ्जन गर्ने वा खेलकुद गर्ने ठाउा रहेको जग्गा, वा

(६) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक जग्गा भनी तोकिदिएको अन्य जग्गा ।

⊗(च१) "सामुदायिक जग्गा" भन्नाले कुनै समुदायले आफ्नो प्रयोजनको लागि राखेको जग्गा वा त्यस्तो जग्गामा बनाएको कुनै संरचना वा समुदायको स्वामित्वमा रहेको अन्य जग्गा सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. जग्गा नाप जाँच गर्ने अधिकार : v(१) नेपाल सरकारले नेपाल ⏭......... भित्रको सम्पूर्ण वा कुनै क्षेत्रमा जग्गा नाप जाँच गर्ने आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको काम तोकिएको अधिकारीले गर्न सक्नेछ ।

🕮(३) जग्गा नाप जाँचको लागि कुनै जग्गामा नियन्त्रण बिन्दु स्थान खडा गर्ने र नापी गर्ने जुनसुकै साधनलाई प्रयोगमा ल्याउन सकिनेछ ।

🕮(४) उपदफा (१) अनुसारको आदेश जारी भएपछि नाप जाँच गर्ने ⌘नापी गोश्वाराले नाप जाँच गरिने क्षेत्रमा नापी सुरु गरिने मिति र सो कामको लागि आफूलाई चाहिने स्रेस्ता उपलब्ध गराई दिनको लागि सम्बन्धित जिल्लाको vमालपोत कार्यालयलाई सूचना दिनु पर्नेछ ।

–(५) नाप जाँच गर्ने, त्यसको क्षेत्रफल यकिन गर्ने र क्षेत्रीय किताबमा दर्ता गर्ने अधिकारीबाट भएको काममा कुनै गल्ती वा त्रुटी भएको देखिएमा वा जानकारी हुन आएमा नापी अधिकृतले आवश्यक छानबिन गरी दफा ८ को उपदफा (१) बमोजिम जग्गाधनी दर्ता प्रमाण पूर्जा वितरण गर्नु अगावै आवश्यक सुधार गराउनु पर्नेछ र यसरी जानाजानी गल्ती वा त्रुटी गर्ने कर्मचारीलाई कानून बमोजिम विभागीय कारबाही गरिनेछ ।

_(६) उपदफा (१) बमोजिम नाप जाँच भै तयार भएको नक्सा स्रेस्ता तोकिएको अधिकारीले तोकिए बमोजिम अद्यावधिक गर्नेछ ।

▣३क. जिमिदार पटवारीको सामान्य कर्तव्य : (१) सम्बन्धित जग्गाको vमालपोत कार्यालयले तोकिदिएको म्यादभित्र जिमिदार पटवारीले आफ्नो जिम्मा स्रेस्ता भएको जग्गाको कित्ता नम्बर समेतको विस्तृत विवरण खुलेको स्रेस्ता तयार गरी सम्बन्धित vमालपोत कार्यालयमा बुझाईदिनु पर्दछ ।

(२) आफ्नो मौजाको सम्बन्धित ✪क्षेत्रमा नापी वा नक्सा वा नियन्त्रण बिन्दु स्थान खडा गर्ने काम थालिएमा सो काम सुरु भएदेखि समाप्त नभएसम्म जिमिदार, पटवारी वा निजहरुको प्रतिनिधिले }नापी टोलीले चाहेको बखत उपस्थित रही मद्दत गर्नु पर्छ ।

▪३ख. विवरण उपलब्ध गराउनु पर्ने : मालपोत कार्यालय तथा सम्बन्धित निकायले नाप जाँचको लागि आवश्यक पर्ने लगत र अन्य कागजात नाप जाँच सुरु हुनुभन्दा अगावै सम्बन्धित नापी गोश्वारा वा नापी कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

---

⊗ केही नेपाल कानूनलाई संशोधन, एकीकरण,समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा थप

⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।

🕮 दोस्रो संशोधनद्वारा संशोधित ।

⌘ छैठौं संशोधनद्वारा संशोधित ।

– सातौं संशोधनद्वारा थप ।

_ सातौं संशोधनद्वारा थप ।

▣ दोस्रो संशोधनद्वारा थप ।

v आठौं संशोधनद्वारा संशोधित ।

✪ सातौं संशोधनद्वारा संशोधित ।

} तेस्रो संशोधनद्वारा संशोधित ।

✪४. जग्गाको क्षेत्रफल निकाल्ने तरिका : (१) नाप जाँच भएको जग्गाको क्षेत्रफल कायम गर्दा दश हजार वर्ग मिटर बराबर एक हेक्टरको हिसाबले क्षेत्रफल कायम गरिनेछ र दर्ता स्रेस्ता तयार गर्दा सो स्रेस्तामा हेक्टरको साथै वर्ग मिटर समेत उल्लेख गरिनेछ । त्यसरी वर्ग मिटर उल्लेख गर्दा वर्ग मिटरको दशमलव पछिको दुई अङ्क सम्म राखिनेछ ।

(२) यो दफा प्रारम्भ हुनु अघि नाप जाँच भई बिगहा वा रोपनीमा दर्ता स्रेस्ता कायम भई सकेको जग्गाको क्षेत्रफल मालपोत कार्यालयले हेक्टर र वर्ग मिटरमा परिणत गर्नेछ ।

▞५. ◎गाउँपालिका वा नगरपालिकाको क्षेत्र वा वडाको साँध सिमाना छुट्याउने : यो ऐन बमोजिम नाप जाँच गर्दा ◎गाउँपालिका वा नगरपालिकाको क्षेत्र वा वडाको नापी हुनु अगावै त्यसरी नापी हुने ◎गाउँपालिका वा नगरपालिकाको क्षेत्र वा वडाको साँध सिमाना छुट्याई नापी गर्नु पर्छ । साँध सिमाना छुट्याउँदा अञ्चल वा जिल्ला समेतको सिमानामा विवाद उठेमा तोकिएको अधिकारी वा समितिको निर्णय बमोजिम सिमाना छुट्याइनेछ । विवाद उठेको सिमानाको निर्णय हुन समय लाग्ने देखिएमा नापी चालू गरी विवाद उठेको सिमानाको कित्ताहरुसम्मको दर्ता बाँकी राखी नापीको काम सम्पन्न गरिनेछ ।

तर पूरै जिल्ला, ◎गाउँपालिका वा नगरपालिकाको क्षेत्र वा वडाको नापी हुने नभई केही भाग मात्र नापी हुने भएमा यस दफा बमोजिमको साँध सिमाना छुट्याउन आवश्यक हुने छैन ।

⌫५क. .............

६. सूचना दिने र जग्गामा प्रवेश गरी काम सुरु गर्ने : (१) कुनै जग्गामा नियन्त्रण बिन्दु स्थान खडा गर्न परेमा वा कुनै जग्गा नापी वा जाँच गर्न परेमा कमसेकम पन्ध्र दिन अगावै नियन्त्रण बिन्दु स्थान खडा हुने वा नाप जाँच हुने जग्गाको जग्गावाला, मोही, सँधियारहरु, सम्बन्धित जिमिदार, पटवारी र ◎गाउँपालिका वा नगरपालिकालाई सूचना दिनु पर्छ ।

स्पष्टीकरण : यस उपदफाको तात्पर्यको लागि कुनै जग्गावाला, मोही, सँधियार जिमिदार र पटवारीलाई सूचना दिंदा त्यसरी नियन्त्रण बिन्दु स्थान खडा हुने वा नाप जाँच हुने जग्गा भएको क्षेत्रको वा सो जग्गावाला वा मोही बसेको क्षेत्रको धेरै जनाको आवत-जावत हुने मुख्य ठाउँहरुमा सो कुराको सूचना टाँसी दिनु पर्याप्त हुनेछ ।

तर ◎गाउँपालिका वा नगरपालिकालाई लिखित सूचना दिनु पर्छ ।

(२) कुनै जग्गामा नियन्त्रण बिन्दु स्थान खडा गर्दा वा जग्गा नाप जाँच गर्दा जग्गावाला वा निजको प्रतिनिधि, मोही, सम्बन्धित जिमिदार, पटवारी, सँधियार र सम्बन्धित ◎गाउँपालिका वा नगरपालिकाको प्रतिनिधि समेत राखी गरिनेछ ।

तर उपदफा (१) बमोजिमको सूचनाले दिएको म्यादभित्र कुनै जग्गावाला वा निजको प्रतिनिधि सो जग्गा कमाउने मोही वा सँधियार उपस्थित हुन नआएमा सो जग्गा भएको क्षेत्रको जिमिदार वा निजको प्रतिनिधि वा पटवारी वा स्थानीय ◎गाउँपालिका वा नगरपालिकाको प्रतिनिधिलाई राखी नियन्त्रण बिन्दु स्थान खडा गर्न वा नापी गर्न वा जाँच गर्न सकिनेछ ।

(३) कुनै जग्गामा नियन्त्रण बिन्दु स्थान खडा गर्दा वा जग्गा नाप जाँच गर्दा सो कार्यको लागि आवश्यक स्थायी वा अस्थायी भूचिन्ह (लैण्डमार्कहरु), स्तम्भहरु (मनुमेण्टहरु) वा दीपस्तम्भ (विकनहरु) राख्न वा गाड्न र दृष्यरेखा हेर्न वा साफ गर्न झाडी वा कुनै रुखको हाँगा काट्न सकिनेछ ।

(४) कुनै जग्गामा नियन्त्रण बिन्दु स्थान खडा गरिएमा त्यसरी स्थान खडा गर्दा लागेको जमीनको क्षेत्रफल समेत खोली स्रेस्तामा जनाउनु पर्छ र सो जग्गाको जग्गावालाको जग्गाधनी प्रमाण पूर्जा र मोही भए मोहीको जोताहाको निस्सा समेतमा सो व्यहोरा उल्लेख गरिदिनु पर्छ ।

स्पष्टीकरण : नियन्त्रण बिन्दु स्थान भन्नाले यसको बीचको भूचिन्ह (लैण्डमार्क) देखि चारैतर्फ १.५५ मिटरसम्मको जमीन समेत सम्झनु पर्छ ।

---

▞ आठौं संशोधनद्वारा थप ।
◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।
◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।
⌫ सातौं संशोधनद्वारा थप भइ आठौं संशोधनद्वारा खारेज ।

}(५) जग्गा नाप जाँच हुँदा जग्गावालाले आफ्नो हकभोगको प्रमाणपत्र आफै वा आफ्नो प्रतिनिधिद्वारा पठाई आफ्नो जग्गा दर्ता गराउनु पर्छ । ऐलानी जग्गा, सार्वजनिक जग्गा, ⊗सामुदायिक जग्गा, ‾ ...... र निर्धारित भएको वन सिमाना भित्रको जग्गा बाहेक 2दर्ता तिरो केही नभई परापूर्व देखि बेनिस्सा हकभोग भई आबाद गरी खाईआएको जग्गावालले पनि सो जग्गा दर्ता गराउनु पर्नेछ । त्यसरी परापूर्व देखिको हकभोगको आधारमा दर्ता गराउन आएमा त्यसरी दर्ता गराउन आएको जग्गाको ◎गाउँपालिका वा नगरपालिका, वडा, चारकिल्ला र दर्ता गराउन आएको व्यक्तिको नाम ठेगाना खोली सो उपर कसैको उजूर भए सूचना दिएको एक्काइस दिनभित्र नापी टोलीमा उजूर गर्न पाउने व्यहोरा समेत खोली नापी टोलीले सो जग्गाको मोही, साँध सँधियार समेत धेरै जनाको आवत-जावत हुने मुख्य मुख्य ठाउँहरुमा सूचना टाँसी जिल्ला र स्थानीय ◎गाउँपालिका वा नगरपालिकालाई लिखित सूचना समेत गर्नु पर्नेछ । कुनै उजूर नपरेमा अन्य क्षेत्रको जग्गा भए नापी टोलीले र ⌘नगरपालिका क्षेत्रको बेनिस्साको स्ववासी चर्ची आएको घर जग्गा भए नापी गोश्वराले सो जग्गा निजको नाउँमा दर्ता गर्नेछ । उजूर परेमा अन्य क्षेत्रको जग्गा भए नापी टोलीले र ⌘नगरपालिका क्षेत्रको बेनिस्साको स्ववासी चर्ची आएको घर जग्गा भए नापी गोश्वाराले सरजमिन र आवश्यक जाँचबुझ गरी आफ्नो रायसाथ नेपाल सरकारले तोकेको समिति वा अधिकारी छेउ जाहेर गरी भएको निकासा बमोजिम गर्नु पर्नेछ ।

ϖ(५क) जग्गा नापजाँच गर्दा दर्ता तिरो नभएको घर जग्गाको स्वामित्व घरायसी लिखतको आधारबाट पाई कम्तीमा पन्ध्र वर्षसम्म आफ्नो हक जानी अटुट भोग गरेको र सो अवधिमा सो लिखतलाई लिएर कुनै अदालतमा नालिस उजूर नपरेको भए सो लिखत रजिष्ट्रेशन नभएको भए तापनि सो लिखतलाई सदर मानी त्यस्तो घर जग्गा सोही भोगवाला व्यक्तिको नाउँमा दर्ता गर्नु पर्नेछ र यस सम्बन्धमा उपदफा (७) को व्यवस्था लागू हुने छैन ।

ϖ(५ख) जमीन तल्ला र माथिल्लो तल्लाहरुमा वा एकै तल्लामा पृथक पृथक स्वामित्व भएको घर जग्गा नाप जाँच गर्दा त्यस्तो घर जग्गा पृथक पृथक स्वामित्व भएको घर जग्गावालाहरुको नाममा छुट्टा छुट्टै दर्ता गर्नु पर्नेछ ।

–(५ग) आफ्नो नाममा दर्ता तिरो भै भोग चलन गरी आएको निजी वन बुट्यान भएको जग्गा सम्बन्धित व्यक्तिले सप्रमाण लिखित रूपमा दाबी गरेमा दफा ११ख. बमोजिम गठित समितिले छानबिन गरी निर्णय गरे अनुसार सम्बन्धित जग्गावालाको नाममा दर्ता गरिनेछ ।

–(५घ) पुन: नाप जाँच भएको क्षेत्रमा जग्गा नापी गरी क्षेत्रीय किताबमा दर्ता गर्दा गराउँदा यस अघि नाप जाँच गरी तयार भएको मौजुदा नक्सा एवं दर्ता स्रेस्ता हेरी भिडाई क्षेत्रीय किताबको प्रमाण सङ्केतमा सोको विवरण जनाउनु पर्नेछ ।

(६) उपदफा (५) अनुसार नाप जाँच हुँदा जग्गा दर्ता नगराउने वा प्रतिनिधि पनि नपठाउने जग्गावाला र मोहीलाई जग्गा दर्ता गर्न आउन पन्ध्र दिनमा नबढाई दोस्रो पटक सम्बन्धित ◎गाउँपालिका वा नगरपालिकामा सूचना प्रकाशित गरिनेछ । सो म्यादभित्र दर्ता गराउन आउने जग्गावाला र मोहीलाई निजको हकभोगको प्रमाण भिडेमा र परम्परा देखि दर्ता वा तिरो नभएको जग्गाको जग्गावालाले भोगेको आधारमा दर्ता गराउन आएकोमा आवश्यक जाँचबुझ गरी तोकिएको अधिकारीले पाँच रुपैयाँ जरिबाना गरी सो जग्गा दर्ता गर्न सक्नेछ ।

⛁ ..............

} तेस्रो संशोधनद्वारा संशोधित ।
⊗ केही नेपाल कानूनलाई संशोधन, एकीकरण,समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा थप
‾ छैठौं संशोधनद्वारा झिकिएको ।
2 चौथो संशोधनद्वारा संशोधित ।
◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।
⌘ छैठौं संशोधनद्वारा संशोधित ।
ϖ चौथो संशोधनद्वारा थप ।
– सातौं संशोधनद्वारा थप ।
– सातौं संशोधनद्वारा थप ।
◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।
⛁ छैठौं संशोधनद्वारा प्रतिबन्धात्मक वाक्यांश झिकिएको ।

⊠(६क) उपदफा (६) बमोजिम दोस्रोपटक दिइएको म्यादभित्र पनि उपस्थित नहुने वा आफ्नो प्रतिनिधि पनि नपठाउने जग्गावालाको जग्गा मौजुदा स्रेस्तामा भएको विवरण भिडाई वडा समितिका एकजना प्रतिनिधिको रोहबरमा तोकिएको अधिकारीले दर्ता गरिदिन सक्नेछ । त्यसरी गरिएको दर्तामा चित्त नबुझ्ने जग्गाधनीले सो कुरा थाहा पाएको मितिले छ महिनाभित्र अदालतमा उजूर गर्न सक्नेछ ।

⌇(७) कुनै जग्गा नाप जाँच हुँदा दुई वा दुई भन्दा बढी व्यक्तिहरुको बीच तेरो मेरो सम्बन्धी प्रश्न उठेमा तोकिएको अधिकारीले सो कुराको दुवै पक्षको प्रमाण जाँची जुन पक्षको प्रमाण बलियो देखिन्छ त्यसै पक्षको नाममा अदालतबाट अन्तिम निर्णय भई नआएसम्मका लागि अस्थायी दर्ता गर्ने निर्णय गरी सम्बन्धित पक्षलाई त्यसको निस्सा दिनेछ । चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय उपर पैंतीस दिनभित्र अदालतमा उजूर नगरेमा उक्त निर्णय अन्तिम हुनेछ र सोही अनुसार सम्बन्धित व्यक्तिको नाममा जग्गा दर्ता हुनेछ । उजूर परेकोमा अदालतबाट भएको अन्तिम निर्णय भई आए बमोजिम दर्ता गरिनेछ ।

☙(८) ……………

*f*(९) यस ऐन बमोजिम पहिला नाप जाँच भई दर्ता स्रेस्ता तयार भई सकेको ठाउँमा पुनः नाप जाँच हुँदा मौजुदा दर्ता स्रेस्ता बमोजिमका जग्गामा दुई वा दुई भन्दा बढी व्यक्तिहरुको बीच तेरो मेरो सम्बन्धी प्रश्न उठेमा तोकिएको अधिकारीले मौजुदा दर्ता स्रेस्ता ^v^भिडाई जग्गा दर्ता गर्नु पर्नेछ ।

◈६क. … … …

▞६ख. छुट जग्गा दर्ता सम्बन्धी : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि नाप जाँच हुँदा कुनै जग्गा नाप जाँच हुन छुट भएको वा नाप जाँच भए पनि दर्ता हुन छुट भएमा सम्बन्धित व्यक्तिले त्यस्तो जग्गा नाप जाँच गर्नको लागि आवश्यक कागजात सहित तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा तोकिएको अधिकारीले सो निवेदन तोकिएको समिति समक्ष पेश गरी सो समितिको सिफारिस बमोजिम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै निवेदन नपरेमा सो क्षेत्रको जग्गाधनी दर्ता प्रमाण पूर्जा वितरण भएको मितिले साठी दिनपछि त्यस्तो जग्गा सरकारी वा सार्वजनिक जग्गाको रुपमा दर्ता गरी स्रेस्ता कायम गरिनेछ ।

(४) उपदफा (१) बमोजिम कुनै क्षेत्रमा जग्गा नाप जाँचको काम सुरु भएपछि मालपोत कार्यालयले छुट जग्गा दर्ता सम्बन्धमा भएको मिसिल आवश्यक कारबाहीको लागि सम्बन्धित नापी गोश्वारामा पठाउनु पर्नेछ ।

▞६ग. अतिक्रमण गरी भोग गरेको जग्गा दर्ता गर्ने : साबिकमा ∞सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा जनिई नाप जाँच भएको कुनै जग्गा कसैले आबाद, कमोद वा घरबास गरी अतिक्रमण गरी भोग गरेको भए पनि नाप जाँच गर्दा त्यस्तो जग्गा ∞सरकारी, सार्वजनिक वा सामुदायिक जग्गाको रुपमा दर्ता गर्नु पर्नेछ ।

▞६घ. दर्ता स्रेस्ता मिलाउन सक्ने : (१) यस ऐनको अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि साबिकको बाटो वा कुलो परिवर्तन भएमा वा सम्बन्धित व्यक्तिले आफ्नो जग्गा छोडी बाटो वा कुलो विस्तार गरेको कारणले साबिक बाटो वा कुलो प्रयोगमा नआउने अवस्था परी साबिकको दर्ता स्रेस्तामा फरक परी सो सच्याउन तोकिएको अधिकारी समक्ष निवेदन गरेमा सम्बन्धित नापी गोश्वाराले उक्त निवेदन तोकिएको समितिमा पेश गरी सो समितिको सिफारिस बमोजिम निवेदकको जग्गासँग जोडिएको बाटो वा कुलो सम्बन्धित व्यक्तिको नाममा दर्ता गरी स्रेस्ता मिलाउनेछ ।

---

⊠ छैठौं संशोधनद्वारा थप भइ आठौं संशोधनद्वारा संशोधित ।

⌇ तेस्रो संशोधनद्वारा संशोधित ।

☙ तेस्रो संशोधनद्वारा थप भइ आठौं संशोधनद्वारा झिकिएको ।

*f* छैठौं संशोधनद्वारा थप ।

v आठौं संशोधनद्वारा संशोधित ।

◈ प्रथम संशोधनद्वारा थप भइ आठौं संशोधनद्वारा खारेज ।

▞ आठौं संशोधनद्वारा थप ।

∞ केही नेपाल कानूनलाई संशोधन, एकीकरण,समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

(२) यस ऐन बमोजिम दर्ता स्रेस्ता तयार गर्दा कुनै जग्गावालाको नाम, थर, वतन, उमेर, तीनपुस्ते, जग्गाको कित्ता नम्बर, क्षेत्रफल वा किसिम फरक पर्न गएमा सम्बन्धित अधिकारीले आवश्यक जाँचबुझ गरी दर्ता स्रेस्तामा मिलाउनेछ ।

⌘७. जग्गा घटबढ भएमा : (१) *……… जग्गा नाप जाँच हुँदा साबिकको क्षेत्रफल भन्दा घटी वा बढी हुन आएमा सोही बमोजिमको जग्गाको क्षेत्रफल सम्बन्धित जग्गाधनीको नाउँमा कायम गरिनेछ ।

ν(२) ∞सरकारी, सार्वजनिक वा सामूदायिक जग्गासँग कुनै व्यक्तिको जग्गा जोडिएकोमा त्यस्तो जग्गा छुट्याउन साबिकमा कुनै दर्ता स्रेस्ता वा अभिलेख भए सोही आधारमा र त्यस्तो दर्ता स्रेस्ता वा अभिलेख नभएमा सम्बन्धित ◎गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष र नजिकको सँधियारहरुमध्ये कम्तीमा दुइजना राखी निजहरुले सिफारिस गरेको सिमानालाई आधार मानी क्षेत्रफल कायम गरी जग्गा नाप जाँच गरिनेछ । यसरी क्षेत्रफल कायम गर्दा ∞सरकारी, सार्वजनिक वा सामूदायिक जग्गासँग जोडिएको व्यक्तिको जग्गा घटीबढीमा तोकिएको समितिमा पेश गरी सो समितिले सिफारिस गरे बमोजिम क्षेत्रफल कायम गरी जग्गा नाप जाँच गरिनेछ ।

*(३) … … …

(४) नाप जाँचबाट कायम भएको क्षेत्रफल बमोजिमको दर्ता स्रेस्ता मालपोत कार्यालयमा दाखिल भएपछि सम्बन्धित जग्गाधनीले सोही दर्ता स्रेस्ता बमोजिम मालपोत वा तिरो बुझाउनु पर्नेछ ।

}८. दर्ता पूर्जा पाउने : ⌘(१) नाप जाँचको काम र दर्ता स्रेस्ता तयार गर्ने काम समाप्त भएपछि तोकिएको अधिकारीले दर्ता स्रेस्ता बमोजिमको जग्गामा स्वामित्व रहेको प्रमाणको निमित्त जग्गाधनी दर्ता प्रमाण पूर्जा तयार गरी सम्बन्धित जग्गावाला वा निजको प्रतिनिधिलाई दिनु पर्नेछ ।

f(१क) कुनै घरको जमीन तल्ला, माथिल्लो तल्ला वा एकै तल्लामा पृथक पृथक स्वामित्व भएमा त्यस्तो पृथक पृथक स्वामित्वमा रहेका तल्लाहरुको पृथक पृथक जग्गाधनी दर्ता प्रमाण पूर्जा तयार गरी सम्बन्धित जग्गावाला वा निजको प्रतिनिधिलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको जग्गाधनी दर्ता प्रमाण पूर्जा नपाएमा सोही क्षेत्रको जग्गाधनी दर्ता प्रमाण पूर्जाको वितरण प्रारम्भ भएको मितिले वा जग्गाधनी दर्ता प्रमाण पूर्जा पाएपछि त्यसमा चित्त नबुझ्ने व्यक्तिले ◘जग्गाधनी दर्ता प्रमाण पूर्जा पाएको मितिले νसाठी दिनभित्र तोकिएको अधिकारी समक्ष कारण सहित उजूर गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएको उजूरीमा आवश्यक छानबिन गरी तोकिएको अधिकारीले दफा ६ को 2उपदफा (५), (५क), (५ख) –(५ग), (५घ) र (६) बमोजिम तयार भएको दर्ता स्रेस्ता हेरी भिडाई जग्गाधनी दर्ता प्रमाण पूर्जा दिनु पर्ने भए जग्गाधनी दर्ता प्रमाण पूर्जा दिनु वा सच्याउनु पर्ने भए सच्याई अर्को जग्गाधनी दर्ता प्रमाण पूर्जा दिनु पर्नेछ ।

---

⌘ छैठौं संशोधनद्वारा संशोधित ।

* आठौं संशोधनद्वारा झिकिएको ।

ν आठौं संशोधनद्वारा संशोधित ।

∞ केही नेपाल कानूनलाई संशोधन, एकीकरण,समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

∞ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

} तेस्रो संशोधनद्वारा संशोधित ।

f छैठौं संशोधनद्वारा थप ।

◘ पाँचौं संशोधनद्वारा संशोधित ।

ν आठौं संशोधनद्वारा संशोधित ।

2 चौथो संशोधनद्वारा संशोधित ।

– सातौं संशोधनद्वारा थप ।

तर, यस उपदफा बमोजिम उजूरी छानबिन गर्दा दफा ६ को उपदफा (७) बमोजिम हकभोग वा तेरो मेरो सम्बन्धी प्रश्न उठेको कारणबाट जग्गाधनी दर्ता प्रमाण पूर्जा दिन वा सच्याउन नमिल्ने भएमा अदालतबाट सो कुराको निर्णय भई आएका बखत जग्गाधनी दर्ता प्रमाण पूर्जा दिन वा सच्याउन मिल्ने व्यहोरा प्रष्ट रुपमा खुलाई तोकिएको अधिकारीले तुरुन्त उजूरवालालाई निस्सा दिनु पर्नेछ ।

⌘(४) ∞सरकारी, सार्वजनिक वा सामुदायिक जग्गाको दर्ता तोकिए बमोजिम हुनेछ ।

८क. विवरण प्राप्त भएपछि दर्ता स्रेस्ता खारेज हुने : सम्बन्धित नापी गोश्वारा वा नापी कार्यालयले जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण भएको मितिले एक सय बीस दिनभित्र नाप जाँच सम्बन्धी विवरण सम्बन्धित मालपोत कार्यालयमा बुझाउनु पर्नेछ र त्यस्तो विवरण प्राप्त भएपछि साबिकको नाप जाँच सम्बन्धी दर्ता स्रेस्ता स्वत: खारेज हुनेछ ।

९. जग्गा नाप जाँच खर्च असुल गर्ने : नेपाल सरकारको असुल तहसिल सम्बन्धी प्रयोजनको लागि हुने जग्गा नाप जाँचको काममा भएको खर्च जनताबाट असुल उपर गरिने छैन । तर कुनै व्यक्तिको आफ्नै प्रयोजनको निमित्त गराइएको जग्गाको नाप जाँचको काममा भएको खर्चमा पूरा खर्च सम्बन्धित व्यक्तिबाट असुल उपर गर्न सकिनेछ ।

९क. क्षतिपूर्ति दिइने : कुनै जग्गामा नियन्त्रण बिन्दु स्थान खडा गरिएमा सो जग्गाको जग्गावाला र मोहीलाई तोकिए बमोजिम क्षतिपूर्ति दिइनेछ ।

९ख. जग्गावाला र मोहीको सामान्य जिम्मेवारी : (१) नियन्त्रण बिन्दु स्थान खडा गरिएको जग्गामा मोही भए मोहीले र मोही नभए जग्गावालाले सो नियन्त्रण बिन्दु स्थानको रक्षा गर्न सबै मनासिब माफिकको काम गर्नु पर्छ ।

(२) दैवी परेकोमा बाहेक नियन्त्रण बिन्दु स्थानलाई कुनै किसिमले हानी नोक्सानी भएमा वा सारेमा वा भत्काएमा वा बिगारेमा अन्यथा प्रमाणित नभएसम्म उपदफा (१) बमोजिम जिम्मेवारी भएको व्यक्तिले सो नियन्त्रण बिन्दु स्थानलाई हानी गरेको वा सारेको वा भत्काएको वा बिगारेको मानिनेछ ।

v१०. जग्गाको किसिम वर्गीकरण गर्ने : नाप जाँच गर्दा तोकिएको आधारमा जग्गाको किसिम वर्गीकरण गरिनेछ ।

⁂१०क. जिमिदारी पटवारीको काम मालपोत कार्यालयले गर्ने : यस ऐन बमोजिम जिमिदारी पटवारीले गर्ने काम सो पद खारेज भएपछि मालपोत कार्यालयले गर्नेछ ।

११. नक्सा र स्रेस्ता राख्ने : (१) जग्गा नाप जाँच गर्दा जग्गाको नक्सा ⌘नापी विभागका महानिर्देशकले तोकेको ढाँचामा तयार गरिनेछ ।

(२) जग्गा नाप जाँच गर्दा जग्गाको ⌘स्रेस्ता तोकिए बमोजिम तयार गरी अद्यावधिक गरिनेछ ।

……………

★११क. … … …

✚११ख. नेपाल सरकारले समिति गठन गर्न सक्ने : ✪नापी अधिकृत वा तोकिएको अधिकारीबाट यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप कुनै काम कारबाई भएको देखिएमा वा वन सिमाना, सरकारी जग्गा, सार्वजनिक जग्गा,

---

⌘ छैठौं संशोधनद्वारा संशोधित ।

∞ केही नेपाल कानूनलाई संशोधन, एकीकरण,समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।

छैठौं संशोधनद्वारा थप भै आठौं संशोधनद्वारा संशोधित ।

पहिलो संशोधनद्वारा संशोधित ।

दोस्रो संशोधनद्वारा थप ।

v आठौं संशोधनद्वारा संशोधित ।

⁂ दोस्रो संशोधनद्वारा थप भइ आठौं संशोधनद्वारा संशोधित ।

तेस्रो संशोधनद्वारा संशोधित ।

⌘ छैठौं संशोधनद्वारा संशोधित ।

सातौं संशोधनद्वारा प्रतिबन्धात्मक वाक्यांश झिकिएको ।

★ तेस्रो संशोधनद्वारा थप भइ आठौं संशोधनद्वारा खारेज ।

⊗<u>सामुदायिक जग्गा</u> वा गुठी अधिनस्थ जग्गा मिची दर्ता गरे गराएको देखिएमा सो सुधार गराउन वा नाप नक्सा गरी दर्ता गर्ने सम्बन्धमा कुनै क्षेत्रमा सामान्य समस्या उठेको देखिएमा सो सुल्झाउन नेपाल सरकारले समिति गठन गर्न सक्नेछ । *f*<u>यसरी गठन भएको समितिको काम, कर्तव्य र अधिकार</u> ν<u>सो समिति गठन हुँदाको बखत तोकिनेछ</u> ।

▞११ग. <u>चक्लाबन्दी वा एकीकृत विकास गर्न नाप जाँच गर्न सक्ने</u> : नेपाल सरकारले कुनै निजी, सरकारी ∞<u>सार्वजनिक वा सामूदायिक जग्गाको</u> चक्लाबन्दी वा एकीकृत विकास गर्नको लागि नाप जाँच गराउन सक्नेछ ।

▞११घ. <u>स्वीकृति लिई हवाई सर्वेक्षण, नक्सा प्रकाशन आदि गर्न सक्ने</u> : यस ऐनको अन्य दफामा जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको अधिकारी बाहेक अरु कसैले हवाई सर्भेक्षण गर्न, नेपाल सरकारले स्थापना गरेको नियन्त्रण बिन्दुहरु प्रयोग गर्न, नेपाल सरकारले तयार गरेको नक्सा प्रकाशन गर्न वा विदेशमा प्रकाशित नक्सा नेपाल ⏭.......... भित्र बिक्री गर्न चाहेमा तोकिएका शर्तहरु पालना गर्ने गरी सो कार्य गर्न सक्नेछ ।

तर विदेशमा प्रकाशित नक्सा नेपाल सरकारले तयार गरेको नक्सासँग बाझिएको रहेछ भने त्यस्तो नक्सा नेपाल ⏭....... भित्र बिक्री गर्न पाइने छैन ।

▞११ङ. <u>नाप नक्सा गर्ने अनुमतिपत्र दिन सक्ने</u> : (१) नेपाल सरकारले कुनै व्यक्ति वा संस्थालाई यस ऐन बमोजिम गरिएको नाप जाँचको अधीनमा रही तोकिए बमोजिमको नाप नक्साको काम गर्न अनुमतिपत्र दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र दिंदा लाग्ने दस्तुर, अनुमतिपत्र प्राप्त व्यक्ति वा संस्थाले पालन गर्नु पर्ने शर्त तथा तत्सम्बन्धी अन्य कुराहरु तोकिए बमोजिम हुनेछ ।

१२. <u>दण्ड सजाय</u> : 🕮(१) जग्गा नाप जाँच वा नियन्त्रण बिन्दु स्थान खडा गर्दा कसैले रोक छेक चिन्ह बिगारी, जनतालाई भड्काई वा हूलहुज्जत गरी वा अरु कुनै किसिमले नाप जाँच वा नियन्त्रण बिन्दु स्थान खडा गर्ने काममा बाधा गरे गराएमा त्यस्तो बाधा गर्ने गराउने व्यक्तिलाई तोकिएको अधिकारीले पहिलो पटक पचास रुपैयाँसम्म, दोस्रो पटक पचास देखि एक सय रुपैयाँ र तेस्रो पटक एक सय देखि पाँच सय रुपैयाँ जरिबाना वा छ महिना कैद वा दुवै सजाय गर्न सक्नेछ ।

(२) दफा ८ बमोजिम नाप जाँच भएको जग्गामा कुनै किसिमको घटबढ भयो भनी झूट्टो उजूर गरेको ठहरिएमा त्यस्तो झूट्टो उजूर गर्ने व्यक्तिलाई बढीमा ने.रु. १००।- सम्म तोकिएको अधिकारीले जरिबाना गर्न सक्नेछ ।

▣(३) दफा ३क. अनुसार म्यादभित्र स्रेस्ता तयार गरी नबुझाउने जिमिदारलाई पाँच सय रुपैयाँसम्म, पटवारीलाई तीन सय रुपैयाँसम्म र उपस्थित नहुने वा आफ्नो प्रतिनिधि नपठाउने जिमिदार पटवारी प्रत्येकलाई प्रतिदिनको अनुपस्थितिको लागि पाँच रुपैयाँसम्म ν<u>मालपोत कार्यालयको प्रमुखले</u> जरिबाना गर्न सक्नेछ ।

▣(४) कसैले नापी विभागको स्वीकृति बेगर नियन्त्रण बिन्दु स्थानलाई सारेमा वा भत्काएमा वा बिगारेमा वा अन्य कुनै किसिमले हानी नोक्सानी गरेमा निजलाई तोकिएको अधिकारीले नोक्सानी भएको रकम र नियन्त्रण बिन्दु स्थान पुन: खडा गर्दा वा मिलाउँदा लाग्ने सम्पूर्ण खर्च असुल उपर गरी एक हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

---

✚ तेस्रो संशोधनद्वारा थप ।
✪ सातौं संशोधनद्वारा संशोधित ।
⊗ केही नेपाल कानूनलाई संशोधन, एकीकरण,समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा थप ।
*f* छैठौं संशोधनद्वारा थप ।
ν आठौं संशोधनद्वारा संशोधित ।
▞ आठौं संशोधनद्वारा थप ।
∞ केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ द्वारा संशोधित ।
⏭ गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६६ द्वारा झिकिएको ।
🕮 दोस्रो संशोधनद्वारा संशोधित ।
▣ दोस्रो संशोधनद्वारा थप ।
ν आठौं संशोधनद्वारा संशोधित ।

यस सम्बन्धमा झूट्टो उजूर गर्ने व्यक्तिलाई तोकिएको अधिकारीले त्यस्तो झूट्टो उजूरीबाट हुन गएको खर्चको रकम निजबाट असुल उपर गरी पाँच सय रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

■(५) कसैले दफा ११घ. बमोजिम स्वीकृति नलिई कुनै काम कारबाही गरेमा तोकिएको अधिकारीले निजलाई बीस हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ र त्यसरी स्वीकृति नलिई गरिएको कामसँग सम्बन्धित सम्पूर्ण नाप नक्सा लगायतका अन्य सामग्रीहरु जफत हुनेछ ।

■(६) कसैले यस ऐन विपरीतको अन्य कुनै काम कारबाही गरेमा तोकिएको अधिकारीले निजलाई दश हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

🕮१३. <u>पुनरावेदन</u> : दफा १२ अन्तर्गत तोकिएको अधिकारी वा γ<u>मालपोत कार्यालयको प्रमुख</u>ले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो भए गरेको मितिले पैंतीस दिनभित्र सम्बन्धित ◎<u>जिल्ला अदालत</u>मा पुनरावेदन गर्न सक्नेछ ।

१४. <u>नियम बनाउने अधिकार</u> : यो ऐनको उद्देश्य कार्यान्वित गर्न नेपाल सरकारले नियमहरु बनाउन सक्नेछ ।

१५. <u>अघिको काम कारबाहीको मान्यता</u> : यो ऐन प्रारम्भ हुनुभन्दा अघि यो ऐन वा यो ऐन अन्तर्गत बनेको नियमहरु बमोजिम गर्नुपर्ने काम यस ऐन अन्तर्गत भए गरेको मानिनेछ ।

१६. <u>खारेजी</u> : यो ऐनको प्रयोजनको लागि मुलुकी ऐन जग्गा जमीन गोश्वाराको ७, ८, ९ र १० तथा जग्गा नाप जाँच सम्बन्धी नेपाल कानून खारेज भएको सम्झिनेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

---

■ आठौं संशोधनद्वारा थप ।

🕮 दोस्रो संशोधनद्वारा संशोधित ।

◎ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा संशोधित ।

<u>द्रष्टव्य:</u>- (१) जग्गा (नाप जाँच) (छैठौ संशोधन) ऐन, २०४६ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
(क) “नापी वा जाँच” को सट्टा “नाप जाँच” ।
(ख) “दर्ता पूर्जा” को सट्टा “जग्गा धनी दर्ता प्रमाण पूर्जा” ।
(२) जग्गा (नाप जाँच) (सातौ संशोधन) ऐन, २०४९ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
(क) “पञ्चायत” को सट्टा ”गाउँ विकास समिति वा नगरपालिका” ।
(ख) “पञ्चायत वा पञ्चायत वडाको” को सट्टा “गाउँ विकास समिति वा नगरपालिका क्षेत्र वा वडाको” ।
(ग) “नगर पञ्चायत” को सट्टा “नगरपालिका” ।
(घ) “गाउँ वा नगर पञ्चायत” को सट्टा “गाउँ विकास समिति वा नगरपालिका” ।
(ङ) “त्रिकोण मितिय स्थान (ट्रिगोनोमेट्रिकल स्टेशन)” को सट्टा “नियन्त्रण बिन्दु स्थान” ।
(३) केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर गरिएका शब्दहरु:-
“श्री ५ को सरकार” को सट्टा “नेपाल सरकार” ।